# कटहरी गाउँपालिका
# Katahari Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of Rural Municipal Executive
कटहरी, मोरङ
Katahari, Morang

प.सं./Ltr. No.:
च.नं./Ref.No:

Koshi Province, Nepal
कोशी प्रदेश, नेपाल

मिति :..............................

**बिषयः- आन्तरिक आय ठेक्का सम्बन्धी सार्वजनिक सूचना ।**

**(प्रथम पटक प्रकाशित मिति २०८३/०३/०३ गते बुधवार)**

यस गाउँपालिका कार्यपालिकाको निर्णय अनुसार तपसिल बमोजिम आर्थिक वर्ष ०८३/०८४को लागि आन्तरीक कर संकलन गर्न निम्न शर्तहरुको अधिनमा रहि रितपूर्वकको बोलपत्र पेश गर्न फर्म वा कम्पनिहरुले तोकिएको अवधिभित्र भाग लिनु हुनका लागि प्रथम पटक २१ दिने यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| ठेक्का न. | विवरण | न्युनतम अङ्क (भ्याटवाहेक) रु. | फारम दस्तुर (फिर्ता नहुने) रु. | बोलपत्र बुझाउने अन्तिम मिति र समय | बोलपत्र खोल्ने | |
|---|---|---|---|---|---|---|
| | | | | | मिति र समय | स्थान |
| KRM/NCB/G/04/082/083 | विदेशी सवारी पहिलो प्रवेश सरसफाई शुल्क | ४५१३२७४.३३ | ३,०००।- | २०८३/०३/२४ गते १२:०० बजे सम्म । | २०८३/०३/२४ गते २ :०० बजे । | कटहरी गाँउपालिकाको कार्यलय |

**ठेक्का कबोलका लागि शर्तहरुः-**

१.बोलपत्र फारम दस्तुर रु.३०००/- कटहरी गा.पा.को रा.बा.बैक कटहरीमा रहेकोकटहरी गाउँपालिकाको ग-१-१ आन्तरिक राजश्व खाता नं.२१९०१००३०१०१०००२मा जम्मा गरी सोको भौचर बोलपत्रमा समावेश गर्नु पर्ने छ ।

२. फर्म वा कम्पनीले कबोल गरेको अंकको ५ प्रतिशत रकम राष्ट्रिय वाणिज्य बैङ्क कटहरीमा रहेको कटहरी गाँउपालिकाको धरौटी **खाता नं २१९०१००३०३००००२** मा जम्मा गरि सो को भौचर बोलपत्रमा समावेश गर्नुपर्नेछ ।

३. फारममा अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । कुनै पनि केरमेट भएमा अक्षरमा लेखिएको कबोल अंकलाई सदर गरिने छ ।

४. फर्म वा कम्पनीहरुले दर्ता/नविकरण,आ.व.०८१/०८२ को करचुक्ता प्रमाण पत्र पेश गर्नुपर्नेछ ।

५. ठेक्का अवधि ठेक्का सम्झौता भए पश्चात देखी असार मसान्त सम्मको लागि हुनेछ ।

६. बोलपत्र स्वीकार गरेको मितिले ७ दिन भित्र ठेक्का कबोल वापतको एकमुष्ट रकम नगद वा ४०% नगद जम्मा गरी बाँकी रकमको कार्यसम्पादन जमानत पेश गरी सम्झौता गर्नुपर्नेछ । ठेक्का कबोल वापतको एकमुष्ठ रकम नगद जम्मा गरेमा प्रदेश कानुन बमोजिम छुट दिइने छ ।

७. ठेक्का सम्झौता भएपछी बन्द हडताल चक्का जाम जस्ता कारण देखाई ठेक्का कर छुट वा मिनाहा को लागि दिइने निवेदन उपर कुनै कारवाही हुने छैन र छुट वा मिनाहा हुने छैन ।

प्रमुख प्रशासकीय अधिकृत

शिक्षा कृषि उद्योग पूर्वाधार, समृद्ध कटहरीको मूल आधार



CamScanner

मिति :...............................



८. नेपाल सरकार र गाँउपालिकाले बेला बेला दिएको निर्देशन पुर्ण रुपले पालना गर्नुपर्नेछ । साथै ठेक्का सम्बन्धि कुनै विवाद भएमा गाँउपालिकाको निर्णय अन्तिम हुनेछ ।
९. करको दररेटहरु गाँउपालिकाले उपलब्ध गराएको (**गाउँसभाबाट आ.व.०८३/८४ का लागि स्वीकृत**) दररेट अनुसार लिनु पर्नेछ ।
१०. ठेक्का कार्यान्वियनको अवधिभर सरसफाई तथा कर्मचारी सम्बन्धी सम्पुर्ण खर्च तथा अन्य लाग्ने राजश्व ठेकेदारले ब्यहोर्नु पर्नेछ ।
११. उल्लेखित शर्तहरु बाहेक अन्य कुराहरु प्रचलित ऐन कानुन अनुसार हुनेछ ।
१२ . अन्य जानकारिका लागि कटहरी गाँउपालिकाको कार्यालयमा सम्पर्क राख्नु होला ।

२०८३/२/३
प्रमुख प्रशासकीय अधिकृत